## पाठ ५०

१. शैतानले किन येशूलाई परीक्षामा पाऱ्यो ।
- किनभने शैतान येशूले पाप गरेको हेर्न चाहन्थ्यो ।

२. शैतान किन येशूले पाप गरेको हेर्न चाहन्थ्यो ?
- किनभने शैतान येशूले हामीलाई बचाएको चाहदैनथ्यो ।

३. के येशू पत्थरलाई रोटीमा परिणत गर्न सक्नुहुन्थ्यो ?
- सक्नुहुन्थ्यो ।
- येशू परमेश्वर हुनुहुन्थ्यो ।
- येशू सबै थोक गर्न सक्नुहुन्थ्यो ।

४.येशूले शैतानलाई के कुराचाहिँ रोटी भन्दा महत्वपूर्ण छ भन्नुभयो ?
- येशूले शैतानलाई परमेश्वरको वचनमा विश्वास गर्न रोटी भन्दा महत्वपूर्ण छ भन्नुभयो ।

५. यद्यपि येशू भोकाउनुभएको थियो तर पनि उहाँले किन पत्थरलाई रोटीमा परिणत गर्नुभएन ?
- किनभने पिता परमेश्वरले उहाँलाई यसो गर्न भन्नुभएन ।
- येशूले शैतानको आज्ञा पालन गर्नु हुदैनथ्यो ।
- येशूले केवल परमेश्वरको आज्ञा पालन गर्नुपर्थ्यो ।

६. के शैतानलाई परमेश्वरको पुस्तक बाइबलमा के लेखिएको छ भन्ने थाहा थियो ?
- थियो ।

७. तर शैतानले परमेश्वरको वचनबाट के गर्छ ?
- शैतान परमेश्वरको वचनलाई बङ्ग्याउँछ र मानिसलाई पासोमा पार्छ ।

८. शैतानले येशूलाई संसारका सबै राज्यको नियन्त्रण दिनु कसरी सम्भव थियो ?
- किनभने आदमले शैतानले भनेको माने, शैतान आदमको मालिक बन्यो, सबै मानिसको मालिक बन्यो र सारा संसारको मालिक बन्यो ।

- येशू कसरी शैतानको जालबाट मुक्त हुनुभयो ?
- परमेश्वरको वचनद्वारा ।

१०. के येशूले परमेश्वरको वचनलाई बङ्ग्याउनुभयो ?
- बङ्ग्याउनुभएन ।
- येशूले परमश्वरको वचन परमेश्वरको पुस्तक बाइबलमा जस्तो लेखिएको छ त्यस्तै भन्नुभयो ।

११. ठूलो को हो, शैतान या येशू ।
- येशू ।

१२. येशू शैतान भन्दा किन ठूलो हुनुहुन्छ ?
- किनभने येशू परमेश्वर हुनहुन्छ ।
- किनभने येशूले नै आदिमा लुसिफरलाई सिद्ध रूपमा सृष्टि गर्नुभएको थियो ।

१३. भविष्यमा येशूले शैतान र उसका सहयोगी शैतानहरूलाई के गर्नुहुनेछ ?
- येशूले शैतान र यसका सहयोगी शैतानहरूलाई अनन्त अग्निको दहमा फ्याँक्नुहुनेछ ।

- एकदिन दुष्ट राजा हेरोदले बप्तिस्मा दिने यूहन्नालाई जेल हाले ।

- बप्तिस्मा दिने यूहन्नालाई जेल हालिसकेपछि येशूले के गर्नभयो ?

आउनुस् मर्कूस १:१४ पद पढौं ।

14 त्यसपछि यूहन्नालाई कैदमा पारियो। येशू गालील जानुभयो अनि परमेश्वरको सुसमाचार प्रचार गर्नुभयो।

- येशूले येहूदीहरूलाई शिक्षा दिन कहिले शुरू गर्नुभयो ?
- बप्तिस्मा दिने यूहन्ना जेल परेपछि ।

- येहूदीहरूलाई शिक्षा दिन शुरू गर्दा येशू कति वर्षको हुनुहुन्थ्यो ?

- ३० वर्षको ।

- येशूले येहूदीहरूलाई परमेश्वरको सुसमाचार सिकाउनुभयो ।

- येशूले तिनीहरूलाई सिकाउनुभएको परमेश्वरको सुसमाचार के थियो ?

- येशूले तिनीहरूलाई सुनाउनुभएको सुसमाचार यही थियो कि यद्यपि हाम्रो पापको सजायको दण्ड मृत्यु नै हो तर पनि परमेश्वरले हाम्रो निम्ति उद्धारकर्ता पठाउनुभएको छ ।

- परमेश्वरले मानिसहरूको उद्धारको निम्ति पठाउनुभएका उद्धारकर्ता को हुनुहुन्थ्यो ?
- येशू ।

- येशूले अरू के कुरा सिकाउनुभयो ।

आउनुस् मर्कूस १:१५ पद पढौं ।

15 येशूले भन्नुभयो, "यही नै उचित समय हो। परमेश्वरको राज्य नजीक आएको छ। तिमीहरूले आफ्नो रहन सहन र हृदय परिवर्तन गर, अनि सुसमाचारमा विश्वास गर।"

- येशूले समय आएको छ र परमेश्वरको राज्य नजिकै छ भन्नुको अर्थ के हो ?
- येशूले उद्धारकर्ताको समय आएको छ र परमेश्वरको राज्यले शैतानको राज्यलाई चाँडै नै पराजित गर्नेछ भन्नुभएको हो ।

- येशूले मानिसहरूले परमेश्वरको वचनमा विश्वास गर्नैपर्छ पनि भन्नुभयो ।

- मानिसले परमेश्वरलाई खुशी पार्ने एउटै तरिका के हो ?
- परमेश्वरको वचनमा विश्वास गरेर ।

- जब येशूले येहूदीहरूलाई शिक्षा दिनु सुरु गर्नुभयो उहाँले तिनीहरूलाई उहाँसित रहन भन्नुभयो ।

आउनुस् मर्कूस १:१६-२० पद पढौं ।

6 गालील तालको किनार भएर येशू हिँडिरहनु भएको थियो। येशूले शिमोन र उसको भाइ
अन्द्रियासलाई देख्नुभयो। यी दुवैजना माछा पक्रनेहरू थिए अनि पोखरीमा माछा समात्न जाल
हान्दै थिए। 17 येशूले तिनीहरूलाई भन्नुभयो, "आओ अनि मसँग हिँड, म तिमीहरूलाई बेग्लै प्रकारको
माछा पक्रनेहरू बनाउँछु। तिमीहरू मानिसहरू बटुल्ने काम गर्नेछौ माछाहरू होइन।" 18 त्यसकारण
शिमोन र अन्द्रियासले तिनीहरूको जाल फ्याँकिदिए अनि येशूलाई पछ्याए।

[19] येशू गालीलको ताल भएर केही पर गइरहनु भएको थियो। उहाँले अरू जब्दीका दुइजना छोराहरू दाज्यू-भाइ याकूब र यूहन्नालाई देख्नु भयो, तिनिहरू आफ्नो डुङ्गामा चढेर माछा मार्न जाल तयार गर्दैथिए।

[20] तिनीहरूका बाबु जब्दी र उनका काम गर्नेहरू पनि तिनीहरूसित डुङ्गामा नै थिए। जब येशूले यी दुइ दाज्यू-भाइलाई देख्नुभयो, उहाँले तिनीहरूलाई आफूकहाँ बोलाउनु भयो र तिनीहरू आफ्ना बाबुलाई छोडेर येशूकहाँ आए।

- येशूले किन मानिसहरूलाई आफूसँग रहन भन्नुभयो ?

- किनभने येशू तिनीहरूलाई सिकाउन चाहनुहुन्थ्यो ताकि तिनीहरू अरू मानिसहरूलाई परमेश्वरको बारेमा सिकाउन सकून् ।

- येशूले आफूसँग रहन आग्रह गरेक मानिसहरूमध्ये केहीका काम के थियो ?
- तिनीहरूमध्ये केही जलाहारी थिए ।

- एकदिन येशू कफर्नहूम नाउँ गरेको शहरमा शिक्षा दिनलाई जानुभयो ।

आउनुस् मर्कूस १:२१ पद पढौं ।

[21] येशू अनि उहाँका चेलाहरू कफर्नहुममा जानुभयो। त्यसैबेला उहाँले विश्रामको दिनमा सभाघरमा पसी मानिसहरूलाई शिक्षा दिनलाग्नु भयो।

- जब येशू कफर्नहूममा आउनभयो तब उहाँ एउटा सभाघरमा शिक्षा दिनलाई जानुभयो ।

- सभाघर के हो ?
- येहूदीहरू भेला भएर बाइबल पढ्ने ठाउँ सभाघर हो ।

- येशूले दिनुभएको शिक्षाको बारेमा धेरै यहूदीहरूको राय के थियो ?

आउनुस् मर्कूस १:२२ पद पढौं ।

[22] त्यहाँ मानिसहरू येशूको उपदेश सुनेर चकित भए। व्यवस्थाका शिक्षकहरूले झैं येशूले तिनीहरूलाई सिकाउनु भएन। येशूले तिनीहरूलाई कुनै अधिकार भएको मानिसले जस्तो सिकाउनुहुन्थ्यो।

- किन धेरैजसो येहूदीहरू येशूको शिक्षा सुनेर छक्क परे ?
- किनभने येशूले तिनीहरूलाई धेरै शक्ति र बुद्धिमा सिकाउनुभएको थियो ।

- व्यवस्थाका शिक्षकहरू को थिए ?

- तिनीहरू फरिसी थिए ।

- फरिसीहरूले दिने शिक्षाभन्दा येशूले दिने शिक्षा कसरी फरक थियो ?

- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो त्यसैले येशू पिता परमेश्वरलाई चिन्नुहुन्थ्यो ।
- फरिसीहरू पिता परमेश्वरलाई चिन्दैनथे ।

- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो त्यसैले येशूले परमेश्वरको वचनमा विश्वास गर्नुभयो ।
- फरिसीहरूले परमेश्वरको वचनमा विश्वास गर्दैनथे ।

- येशूले शिक्षा दिइरहनुभएको बेलामा भूत लागेको मानिस करायो ।

आउनुस् मर्कूस १:२३-२४ पद पढौं ।

23 जतिबेला येशू सभाघरमा हुनुहुन्थ्यो, त्यसबेला एकजना दुष्टात्मा भएको मानिस त्यहाँ थियो। 24 त्यो
चिच्यायो, "हे नासरतका येशू, हामीदेखि तपाईं के चाहनुहुन्छ के तपाईं हामीलाई सर्वनाश गर्न आउनुभएको
हो? म तपाईंलाई चिन्छु तपाईं परमेश्वरका परम पवित्र जन हुनुहुन्छ।"

- आदिमा तिनीहरू शैतानका सहयोगी शैतान बन्नुभन्दा पहिले तिनीहरू के थिए ?

- आदिमा शैतानका सहयोगी शैतानहरू असल स्वर्गदूतहरू थिए तिनीहरूलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो तर तिनीहरूले शैतानलाई साथ थिए र दुष्ट बने ।

- परमेश्वरमा विश्वास नगर्ने मानिसहरूकहाँ तिनीहरू बस्न रूचाउँछन् ।

- जो मानिस अहिले कराएको थियो त्यसकहाँ एउटा सहयोगी शैतान बास गर्थ्यो ।

- के त्यस सहयोगी शैतानलाई शिक्षा दिइहरनुहुने मानिस येशू हुनुहुन्छ भनी थाहा थियो ?
- थाहा थियो ।

- के सहयोगी शैतानलाई येशू परमेश्वर हुनुहुन्छ भन्ने थाहा छ ?
- थाहा छ ।

- के सहयोगी शैतानलाई येशू सिद्ध, पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ भन्ने थाहा छ ?
- थाहा छ ।

- के सहयोगी शैतानलाई येशू तिनीहरूभन्दा शक्तिशाली हुनुहुन्छ भन्ने थाहा छ ?
- थाहा छ ।

- सहयोगी शैतानहरू किन येशूसँग डराउँछन् ?

- किनभने तिनीहरूलाई थाहा छ कि येशू तिनीहरूलाई कुनै पनि बखत अनन्त अग्निको दहमा फ्याँक्न सक्षम हुनुहुन्छ ।

- सहयोगी शैतानलाई येशूले उसलाई त्यहीबेला अनन्त अग्निको दहमा फ्याँक्न सक्नुहुन्छ भन्ने थाहा थियो ।

- येशूले त्यस सहयोगी शैतानलाई के जवाफ दिनुभयो ?

आउनुस् मर्कूस १:२५-२६ पद पढौं ।

25 येशूले दुष्ट आत्मालाई हकार्नु भयो अनि भन्नुभयो, "चूपलाग्, त्यस मानिसबाट निस्केर बाहिर
आइज!" 26 त्यो दुष्टात्माले उसलाई जोडले झट्काएको थियो। त्यसैबेला त्यो दुष्टात्मा ठूलो स्वरले
चिच्याएर त्यसबाट बाहिर निस्क्यो।

- येशूले त्यसलाई चुप लाग्ने आदेश दिनुभयो र मानिसबाट बाहिर निस्कन भन्नुभयो ।

- के त्यसले येशूले भन्नुभएको कुरा मान्यो ?
- मान्यो ।

- त्यसले किन येशूले भन्नुभएको कुरा मान्यो ?

- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू सहयोगी शैतानहरूभन्दा धेरै शक्तिशाली हुनुहन्छ ।

- येशूले त्यस मानिसलाई सहयोगी शैतानबाट छुटकारा दिलाउनुभएको देखेर अरू मानिसहरूले के विचार गरे ?

आउनुस् मर्कूस १:२७-२८ पद पढौं ।

27 सबै मानिसहरू छक्क परे, र तिनीहरूले एक-अर्कामा भन्नलागे, "यहाँ के भइरहेको छ? शायद यो मानिसले केही नयाँ कुरो सिकाईरहेका होलान् उनले, अधिकारपूर्वक सिकाइरहनु भएको छ। उनले दुष्टात्मालाई आज्ञा गर्नसक्नु हुन्छ, अनि त्यो दुष्ट आत्माले उहाँको आज्ञा पालन गर्छ।" 28 अनि
यसो हुने बित्तिकै चाँडै नै येशूको खबर गालीलको सबै मुलुकभरि जतातत्तै फैलियो।

- येशूले मानिसलाई शैतानबाट बचाउनुभएको देखेर तिनीहरू छक्क परे ।
- शैतानले येशूले भन्नुभएको कुरा मानेको देखेर तिनीहरू छक्क परे ।

- त्यस साँझ के घटना भयो ?

आउनुस् मर्कूस १:३२-३४

32 त्यस साँझमा जब सूर्य अस्तायो, मानिसहरूले अनेकौं रोगीहरूलाई येशूकहाँ ल्याए। तिनीहरूले
भूत लागेकाहरूलाई पनि ल्याए। 33 शहरका सारा मानिसहरू घरको ढोकामा भेला भएका थिए।
34 येशूले बेग्ला-बेग्लै रोग लागेकाहरू सबैलाई निको पार्नुभयो। तर येशूले भूतहरूलाई बोल्न दिनु
भएन, किनभने भूतहरूले उहाँ को हुनुहुन्छ भनेर जान्दथ्यो।

- त्यस साँझ मानिसहरूले बिरामी परेका र भूत लागेका मानिस लगाए र येशूले ती सबैलाई निको पार्नुभयो ।

- त्यो यसकारणले भयो कि येशू परमेश्वर हुनुहुन्छ ।
- त्यो यसकारणले कि येशूलाई सबै कुरा थाहा छ ।

- येशूले किन सबै बिरामी मानिसहरूलाई निको पार्नुभयो ?

- किनभने येशूले तिनीहरूलाई प्रेम गर्नभयो ।
- किनभने तिनीहरू बिरामी थिए भनेर येशू दुखी हुनुभयो ।

- आदिमा जब येशूले संसारको सृष्टि गर्नुभयो त्यतिखेर संसारमा बिमारी थिएन ।

- तर आदम र हव्वाले परमेश्वरको विरुद्धमा पाप गरे र तिनीहरूको पापले अरू सबै मानिसहरूमा बिमारी ल्यायो ।

- पापको कारणले संसारमा ल्याएको बिमारीलाई येशूले निको पार्न चाहनुभयो ।

- भूत लागेका सबै मानिसहरूलाई येशूले किन निको पार्न चाहनुभयो ?

- किनभने येशूले तिनीहरूलाई प्रेम गर्नुभयो ।

- किनभने भूतहरूले मानिसहरूलाई दास बनाउन लाग्यो भनेर येशू दुखी हुनुभयो ।

- आदिमा जब येशूले यस संसारको सृष्टि गर्नुभयो मानिसहरू परमेश्वरका सन्तान थिए ।

- तर आदम र हव्वाले परमेश्वरको विरुद्धमा पाप गरे र सबै मानिसहरू शैतान र उसका सहयोगीहरूका दास बने ।

- येशूले मानिसहरूलाई शैतान र यसका सहयोगीहरूको दासत्वबाट मुक्त पार्न चाहनुभयो ।

- एकदिन येशूकहाँ कुष्ट रोगी आयो ।

आउनुस् मर्कूस १:४० पद पढौं ।

40 एकजना कुष्ठरोग लागेको मानिस येशूकहाँ आयो। त्यसले घुँडा टेकेर येशूलाई बिन्ती गर्न लाग्यो, “तपाईंमा त्यस्तो शक्ति छ, यदि तपाईंले चाहनु भयो भने म निको हुनसक्छु।”

- कुष्टरोग के हो ?

- कुष्टरोग भनेको विस्तारै शरीरका हातखुट्टा कुहेर खस्ने रोग हो ।

- येशूको समयमा कुष्टरोगको कुनै उपचार थिएन ।

- यदि तपाईंलाई कुष्टरोग हुन्थ्यो भने तपाईंका निम्ति कुनै औषधी थिएन ।

- यदि तपाईंलाई कुष्टरोग थियो भने तपाईंलाई कुनै कुनै उपचार थिएन ।
- यदि तपाईंलाई कुष्टरोग थियो भने तपाईंलाई कुनै सहयोग थिएन ।

- के मानिस कुष्टरोगको उपचार आफै गर्न सक्षम थियो ।
- थिएन ।
- त्यहाँ कुनै उपचार थिएन ।

- त्यो मानिस किन येशूकहाँ आयो ?
- किनभने उसलाई येशूले मात्रै उसलाई बचाउन सक्नुहुन्छ भन्ने थाहा थियो ।

- के येशूले उसलाई निको पार्नुभयो ?

आउनुस् मर्कूस १:४१-४२ पद पढौं ।

41 येशूलाई त्यस मानिसप्रति दया लाग्यो। उहाँले त्यस मानिसलाई छुनुभयो। उहाँले भन्नुभयो, "म तिमीलाई निको पार्न चाहन्छु। निको होऊ।" 42 त्यसपछि त्यस मानिसको कुष्ठरोग हरायो, अनि त्यो निको भयो।

- येशूले त्यस मानिसलाई छुनुभयो र भन्नुभयो शुद्ध भइजाऊ र ऊ निको भयो ।

- केवल येशूमात्रै जो परमेश्वर हुनुहुन्थ्यो उहाँ त्यस मानिसलाई बचाउन सक्षम हुनुहुन्थ्यो ।

- कुष्टरोग जस्तै पाप कसरी उस्तै हो ?

- जसरी मानिसले आफू आफैलाई कुष्टरोगबाट बचाउन सक्दैन त्यसरी नै हामी आफूले आफैलाई पापबाट बचाउन सक्दैनौं ।

- जसरी अरू मानिसले कुष्टरोग लागेको रोगीलाई बचाउन सक्दैन त्यसरी नै अरू कुनै मानिसले हामीलाई पापबाट बचाउन सक्दैन ।

- जसरी त्यस मानिसलाई कुष्टरोगबाट येशूले मात्रै बचाउन सक्नुहुन्थ्यो त्यसैगरी येशूले मात्रै हाम्रो पापको उपचार गर्न सक्नुहुन्छ ।

- येशू यस संसारमा हामीलाई पापको उपचार गर्न आउनुभएको हो ।
- येशू यस संसारमा हामीलाई मृत्युको उपचार गर्न आउनुभएको हो ।
- येशू यस संसारमा हामीलाई शैतानको उपचार गर्न आउनुभएको हो ।

- अरू कसैले पनि हामीलाई उपचार गर्न सक्दैन केवल येशूले मात्रै हामीलाई उपचार गर्न सक्नुहुन्छ ।